# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७
# सुनकोशी गाउँपालिका, ओखलढुङ्गा ।




## महालेखापरीक्षकको कार्यालय
## काठमाडौँ, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या :२०७६/७७
च.नं. ५१९

मिति: २०७७/३/२८

श्री अध्यक्ष ज्यु,
सुनकोशी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
ओखलढुङ्गा ।


**विषय : लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय
प्रदेश नं १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu,
Nepal

पत्र संख्याः
च.नं

मितिः २०७७३।२८

श्री अध्यक्षज्यू,
सुनकोशी गाउँपालिका
ओखलढुङ्गा ।

**विषय - लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले सुनकोशी गाउँपालिका आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तीय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. ६२ लाख ९६ हजार बेरुजू देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु. १२ लाख ९३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.५० लाख ३ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।१२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १३ यसैसाथ संलग्न छ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व एकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सहि र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियााको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

## सुनकोशी गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचय –** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्च गर्ने सुनकोशी गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालीका अर्न्तगत १० वडा रहेको ५४ सभा सदस्य १४४ व.कि.मी.क्षेत्रफल, १८४५० जनसंख्या, १ नं. प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चितकोष –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम सुनकोशी गाउँपालीकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

### आर्थिक वर्ष २०७५।७६
### सञ्चित कोषको हिसाव

| क.स | आय | रकम | रकम | क.स | व्यय | रकम | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | **शुरु मौज्दात** | | ३६,९२५,२९६ | १ | चालु खर्च आन्तरीक | | - |
| | रा.वा.वैक | ३६,९२२,२९६ | | २ | चालु खर्च गाउँपालिका | | २६,३९५,९०५ |
| | नगद | ३,००० | | ३ | चालु खर्च वडा | | ६,७८०,००० |
| | रा वा.वैक | | | ४ | पूजीगत खर्च वडा | | ५६,६११,६७३ |
| २ | **राजश्व** | | ५१,३०८,०४९ | ५ | पूजीगत खर्च गाउँपालिका | | २४,४९८,३९५ |
| | आन्तरीक राजश्व | ३,१७०,३८० | | ६ | विषयगत कार्यक्रम | | ११,८६९,७५१ |
| | राजश्व बाडफाड संघ | ४६,५१९,०६४ | | ७ | **संघीय सरकार विषयगत कार्यकम** | | ४३,१८५,३१३ |
| | राजश्व बाडफाड प्रदेश सवारी | १,६१८,६०५ | | | प्रदेश तथा स्थानीय तह क्षेत्र विकाश कार्यकम | ३०५,००० | |
| | राजश्व बाडफाड प्रदेश मालपोत | - | | | सामाजिक सुरक्षा कार्यक्रम | ३५,३५४,००० | |
| | अन्य | - | | | स्थानीय पूवाधार विकाश | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | कार्यक्रम | ४,०००,०० ० | |
| ३ | **संघीय सरकार विषयगत कार्यक्रम** | | ४३,१८५,३१३ | | झोलुङ्गे पुल क्षेत्र विकाश कार्यक्रम | १८०,००० | |
| | प्रदेश तथा स्थानीय तह क्षेत्र विकाश कार्यक्रम | ३०५,००० | | | गरिवसँग विश्वेश्वर कार्यक्रम | ३७९,००० | |
| | सामाजिक सुरक्षा कार्यक्रम | ३५,३५४,००० | | | प्रधानमन्त्री रोजगार कार्यक्रम | २,९६७,३१३ | |
| | स्थानीय पूवाधार विकाश कार्यक्रम | ४,०००,००० | | | संचित विदा | | |
| | झोलुङ्गे पुल क्षेत्र विकाश कार्यक्रम | १८०,००० | | | औषधीउपचार | | |
| | गरिवसँग विश्वेश्वर कार्यक्रम | ३७९,००० | | ८ | **प्रदेश शर्शत** | | १८,२९९,६४१ |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम | २,९६७,३१३ | | | प्रदेश शर्शत अनुदान | १३,४९९,६४ १ | |
| | संचित विदा | | | | प्रदेश निर्वाचन क्षेत्र कार्यक्रम | ४,८००,०० ० | |
| | औषधीउपचार | | | ९ | गत आवको वजेट खर्च | | |
| ४ | **संघ वितीय हस्तान्तरण** | | २४१,७२०,०० ० | १० | शर्शत अनुदान सघ | | १४४,०५७,२५ ४ |
| ५ | वितीय समानीकरण | ७२,३००,००० | | ११ | समपुरक अनुदान सघ | | - |
| | शर्शत अनुदान | १६९,४२०,०० ० | | १२ | धरौटी फिर्ता | | १६५,००० |
| | समपुरक अनुदान | - | | १३ | एस.आई.पि. | | ६,४४१,५८६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विषेश अनुदान | - | | १४ | हेल्भेटास | | ५,०६४,१९९ |
| | अर्थ बजेट | | | १५ | पुल हेरालु | | ४२,००० |
| ६ | **प्रदेश वितीय हस्तान्तरण** | | २१,६६१,००० | १६ | सिएमसी नेपाल | | |
| | वितीय समानीकरण | ३,३११,००० | | १७ | कन्टेन्जेन्सी | | १,२०९,५८० |
| | शर्शत अनुदान | १३,५००,००० | | १८ | **फिर्ता** | | १५,१५६,४३३ |
| | प्रदेश निर्वाचन क्षेत्र कार्यक्रम | ४,८५०,००० | | | प्रदेश शर्शत अनुदान | - | |
| | समपुरक अनुदान | - | | | शर्शत अनुदान सघ | १५,१५६,४३३ | |
| | विषेश अनुदान | - | | | समपुरक अनुदान सघ | - | |
| ७ | **अन्य** | | | १९ | **अन्तिम मौज्दात** | | ४३,७७९,९६० |
| | वित्तीय व्यवस्था प्राप्ति | | | | धरौटी खाता | १,०५४,६४२ | |
| | ऋण प्राप्ति | | | | सञ्चित कोष खाता | ४२,७२५,३१८ | |
| | साँवा प्राप्ति | | | | | | |
| | व्याज प्राप्ति | | | | | | |
| | अन्य प्राप्ति | | - | | | | |
| ८ | धरौटी आय | | १,२१९,६४२ | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | ७,५३७,३९० | | | | |
| | सिएमसी नेपाल | - | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | एस.आई.पि. | ३,२५७,९९१ | | | | | |
| | हेल्भाटास | ४,२७९,३९९ | | | | | |
| १० | कन्टेन्जेन्सी | | - | | | | |
| | **जम्मा** | | ४०३,५५६,६९० | | | | ४०३,५५६,६९० |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधि -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकीय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ को आय व्ययको प्रक्षेपण २०७५ असार २८ मा सभावाट स्वीकृत भएको र स्वीकृत भएको ७ दिन भित्र नै प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलब्ध गराएको देखिन्छ । खर्च गर्ने आर्थिक कार्यविधि नवनाएको कारण आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम सञ्चालन गर्ने उल्लेख गरेको छ । | |
| २. | **वजेट पेश गर्ने तथा पारित गर्ने -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारित गर्नुपर्ने व्यवस्था अनुसार गाँउ सभाले चालु आर्थिक वर्षको आय व्ययको अनुमान र आगामी आर्थिक वर्षमा सञ्चालन हुने योजना तथा कार्यक्रम र आय व्ययको अनुमानीत विवरण २०७५ आषाढ १० भित्र सम्पन्न गरेको र २०७५।०३।२८मा स्वीकृत गरेको छ । | |
| २.१. | **अनुमानमा वढी आय -** गाँउपालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २० लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.३१७०३८०.००अर्थात अनुमानको तुलनामा १५८ प्रतिशत वढी आय प्राप्त गरेको छ । आयको अनुमान र वास्तविक प्राप्ति विच धेरै फरक परेको कारण पहिचान गरी वास्तविक श्रोतको यथार्थता पत्ता लगाइ थप आय आर्जन गर्ने तर्फ विशेष रुपले ध्यान दिन आवश्यक देखिएको छ । | |
| ३. | **आन्तरीक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन । जसवाट कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरीक नियन्त्रण सम्वन्धी अन्य व्यहोराहरु देहायमा उल्लेख छ ।<br>● आन्तरीक लेखापरीक्षण नभएको<br>● सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम निर्माण कार्यको बिमा गराउनु पर्ने व्यवस्था छ तर विमा गर्ने परीपाटीको विकास नभएको | |

| | | |
|---|---|---|
| | • कार्यालयको स्थायी लेखा नम्वर नलिएको<br>• प्रत्येक कर्मचारीका पदको कार्यविवरण वनाई लागू नगरेको, (निजामती सेवा ऐन, २०४९ को दफा ५)<br>• उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान गरी निराकरण नगरेको, (आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९५)<br>• भुक्तानी भएका सबै विल भरपाईहरुमा भुक्तानी जनाउने छाप नलगाएको, (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५)<br>• मर्मत अभिलेखको लागि म.ले.प.फा.नं. २ राख्ने नगरेको,<br>• जिन्सी निरीक्षण प्रतिवेदन वमोजिम मर्मत तथा लिलाम गर्नुपर्ने भनी उल्लेख भएकोमा सो को कार्यान्वयन नभएको, (आर्थिक कार्यविधि नियमावली २०६४को नियम ५०.३)<br>• कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको, (आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ९०.१ अनुसुची १४)<br>• केही योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का विल, कार्य सम्पन्न प्रतिवेदनमा स्वीकृत गरेको मिति उल्लेख नगरेको,<br>• भ्रमण अभिलेख खाता नराखेको, (भ्रमण खर्च नियमावली २०६४ को दफा २१)<br>• भ्रमण प्रतिवेदन तयार गरी पेश गर्ने गरेको नपाईएको,<br>• उपभोक्ता समितिवाट निर्माण सम्वन्धी कार्य गर्दा सार्वजनिक खरीद ऐन तथा खरीद नियमावली वमोजिमको खरीद विधि नअपनाएको, (सार्वजनिक खरीद ऐनको दफा ३.१)<br>• सवै कर्मचारीको स्थायी लेखा नम्वर नलिएको ।<br>आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययिता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ । | |
| ४. | **श्रोत अनुमान तथा वजेट सिमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्यनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा नराखेकोले साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन सकिने छनौट गरीनु पर्दछ । वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउने तर्फ विशेष ध्यान पुग्नु आवश्यक छ । | |
| ५. | **आन्तरिक ऋण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाँउपालिकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशील, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस गाँउपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन । | |
| ६. | **स्थानीय तथ्यांक र अभिलेख** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्यांकले महत्वपुर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ७. | **योजनागत लक्ष्य प्रगति-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्लास्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । जसवाट सञ्चालित योजना तथा कार्यक्रमको कार्य सम्पादन र प्रगति सम्वन्धमा एकिन गर्न तथा गाउँपालिकाबाट सञ्चालित कार्यक्रमको उपलब्धि सम्वन्धमा विश्लेषण गर्न सकिएन । नियमावलीले तोके वमोजिमको ढांचामा क्रियाकलापगत परिमाण र खर्च देखिने गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । | |
| ८. | **कर्मचारी व्यवस्था -** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपूर्तिको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकामा रहने कर्मचारी दरवन्दी ३७ रहेपनि पदपूर्ति १९ रहेको देखियो भने १८ पद रिक्त रहेका छन । ती मध्ये ५ जना करारमा राखि कार्य सञ्चालन गरिएको छ । अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन । | |

| | | |
|---|---|---|
| ९. | **एकीकृत विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को  दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय व्ययको एकिकृत लेखा वनाई पेश गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटेको छैन । गरिवी निवारण कोषको समूहगत परिचालन प्राप्त गर्नुपर्ने श्रोतलाई र म.स्व.से. कल्याणकोषको हिसावमा खुलासा समेत नगरेको स्थिति छ । थप श्रोत पहिचान गरी कारोवार समेटनु पर्दछ । | |
| १०. | **वित्तीय जवाफदेहिता -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । गाउंपालिकाले नियम विपरीत कार्यमा रु. ६२९५५९१।०० खर्च गरेकोले  नियमावलीको पालना गरेको देखिएन । | |
| ११. | **बक्यौता रकम असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । उठनुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति विक्री, मालपोत, अन्तशुल्क, आय ठेक्का, कर दस्तुरको वडागत लागत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन ।  उठनुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठनुपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ । | |
| १२. | **विशेष भत्ता -** नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ । कन्टेन्जेन्सीवाट गाँउसभाले २०७५ अषाढ २९ को अनुमोदन अनुसार २०७५।७६ को गाँउ सभा तयारीका लागि २० कर्मचारीलाई १ देखि १२ महिना वढीमा ५० प्रतिशत सम्म प्रोत्साहन भत्ता वापत रु. १२,०९,५८०।०० खर्च लेखेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन । स्पष्ट आधार एवं कार्यविधि वेगर तथा नियमावलीमा स्पष्ट उल्लेख गरेभन्दा फरक कार्यमा खर्च लेख्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |
| १३. | **सशर्त अनुदान -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।०३।०३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र कृषि तथा पशुपंक्षी मन्त्रालय लगायतबाट रु.१६,९४,२०,०००।०० प्राप्त भएको रकम मध्ये आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था अनुरुप गाउँपालिकाले रु.१०२०६३१३।०० खर्च नभई बाँकी रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्नेमा वर्थिङ्ग सेन्टर निर्माणको ठेक्का लागेकोले  फिर्ता नगरेको जानकारी दिएको छ । | |
| १४. | **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिमस्रोत अनुमान तथा वजेट सीमा निधांरण समितिले गाँउपालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।गाउँपालिकाले यस वर्ष १० वटा वडा कार्यालय मार्फत मालपोत, सिफारीस दस्तुर, पञ्जीकरण, घरधुरी कर, व्यवसाय दर्ता, सवारीसाधन कर लगायतका शीर्षकमा रु. ३१७०३८०।०० राजश्व असूली गरेको देखियो । | |
| १५. | **राजश्व कारोबारको लेखा-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम नियम ९२ (१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा  दैनिक राजश्व असूलीको भौंचर उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखि राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भीर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । | |
| १६. | **रसीद नियन्त्रण खाता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टा गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्टी गरी तोकिएको समयमा बैङ्क दाखिला खातामा प्रविष्टी गर्नुपर्दछ । कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिद के कति छपाई गरेको हो, गत विगतका कति रसीद बाँकी थिए र यो वर्ष खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसीद पठाएको हो सो खुल्ने रसीद नियन्त्रण खाता राख्ने नगरेकोले राजश्व असूलीमा | |

| | | |
|---|---|---|
| | प्रयोग हुने रसीद उपर्युक्त ढङ्गबाट प्रयोग भएको छ भन्न सकिने आधार नभएकोले रसीदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ । | |
| १७. | **सम्पत्ति हस्तान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउपालिकाले वडागत समेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| १८. | **बरबुझारथ -** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाँउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गरी एकिकृत विवरण तयार गर्नुपर्दछ । | |
| १९. | **सञ्चित कोष -** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार गाउँपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वाँकी रकम सम्वन्धित स्थानिय तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा वांकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम सञ्चित कोषमा दाखिला गर्ने व्यवस्थालाई तत्काल कार्यान्वयनमा ल्याउनुपर्दछ । | |
| २०. | **स्रोत नक्सांकन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| २१. | **कन्टिन्जेन्सी खर्च-** सार्वजतिक खरिद नियमावली, २०६४ को नियम १० अनुसूची १ अनुसार कन्टीन्जेन्सी खर्चको व्यवस्था गरेको छ । मिति २०७०।१।१५ को नेपाल सरकारको निर्णय अनुसार कन्टीन्जेन्सीमध्ये ६०% चालु प्रकृतिको र ४०% पुँजिगत प्रकृतिको खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो आर्थिक वर्ष रु. १२लाख ०९ हजार ५८० कन्टीन्जेन्सी खर्च लेखेको देखियो । कन्टीन्जेन्सी खर्चबाट दैनिक भ्रमण भत्ता, इन्धन र कार्यालय सामान लगायत चालु र केही पूँजीगत निर्माणमा खर्च गरेकोमा चालु र पूँजीगत कन्टीन्जेन्सी अभिलेख नराखेको चालु र पूँजीगत खर्च नछुटिने हुन्छ । तसर्थ चालु र पूँजीगत खर्चको लगत राखी नगरी नहुने खर्च मात्र कन्टीन्जेन्सीबाट खर्च गर्नुपर्ने व्यवस्था मिलाउनुपर्दछ । | |
| २२. | **खर्चको मापदण्ड** -गाउंपालिकाले वर्षभरीमा अनुगमन र दैनिक भ्रमण खर्च सम्वन्धमा वापत जनप्रतिनिधि र कर्मचारीलाइ रु.२४,६६,४३८।०० खर्च गरेको विवरण पेश भएको छ । खर्च रकम सम्वन्धमा गाउंपालिकाले मापदण्ड वनाएको पाईएन । आवश्यक मापदण्ड वनाई यस्ता किसिमका खर्च नियन्त्रण गर्नुपर्दछ । जनप्रतिनिधिलाइ अनुगमन र दैनिक भ्रमण खर्च उपलव्ध गराउने कार्यमा नियन्त्रण गरीनु पर्दछ । | |
| २३. | **आर्थिक विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । तर गाउँपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्च, सम्पत्ति र दायित्वको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको अवस्था समेत मुल्याङ्कन गर्न सकिने स्थिति देखिएन । | |
| २४. | **उपभोक्ता समिति मार्फत कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ ।उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | |

| | | |
|---|---|---|
| २५. | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानून वमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकाश कोषको स्थापना गर्ने व्यवस्था छ । कोषको व्यवस्था अनुरुप स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिका अन्तर्गत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पद बाट अलग हुँदा दिनुपर्ने अवकाश सुविधाको कल्याण कोष स्थापना नगरेको र यो वर्ष यस्तो दायित्व सिर्जना गरेको छैन । ऐनमा भएको व्यवस्था पालना गरिनु पर्दछ । | |
| २६. | **प्राकृतिक तथा व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत राखेको तथा सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाँउपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा गाँउपालिकामा अवस्थित व्यवसायीक संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । गाँउपालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख व्यवस्थित गरी करको दायराभित्र ल्याउनु पर्दछ । सुनकोशी र मोलुङ नदी तथा सल्लोको खोटो, खयर आदिको आय ठेक्का नलगाएको र कूनै पनि आय प्राप्त गरेको देखिएन । | |
| २७. | **सवारी कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख व्यवस्थित गरी कर असूलीलाई प्रभावकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| २८. | **मनोरञ्जन कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा पालिकाले कूनैपनि कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । चम्पादेवी, ककनी जस्ता पर्यटकिय स्थलको लागि आवश्यक व्यवस्था हुनुपर्दछ । | |
| २९. | **अनुगमन प्रतिवेदन** - आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम अनुगमन भएका कार्यको प्रतिवेदन पेश गर्नुपर्दछ । गाउँपालिकाका विभिन्न पदाधिकारीहरुवाट विभिन्न समयमा योजना तथा अन्य कार्यक्रम सञ्चालनको संभाव्यता अध्ययन, अनुगमन, निरीक्षण तथा भ्रमण भएकोमा अनुगमन तथा निरीक्षण प्रतिवेदन पेश गर्ने व्यवस्था गर्नु पर्दछ । | |
| ३०. | **तलवी प्रतिबेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तह अन्र्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरिक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी कर्मचारीको तलब खर्च लेखेको देखियो । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| ३१. | **योजना तर्जुमा र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । ठुला योजना छनोटलाई प्राथमिकतामा राखिनुपर्दछ । | |
| ३२. | **गुणस्तर परिक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । योजनामा प्रयोग भएको सामानको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षणको व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ३३. | **न्याय सम्पादन** - न्यायीक समितिले उपलब्ध गराएको विवरण अनुसार वैवाहिक सम्वन्धविच्छेदको १ मुद्दा तथा निवेदन परेकोमा फैसला हुन वाँकी देखिन्छ । | |
| ३४. | **सभाको निर्णय कार्यान्वयन** - मिति २०७५।०३।१० मा सम्पन्न गाँउ परीषद्बाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को Follow up Register अभिलेख राखेको नदेखिँदा विश्लेषण गर्न सकिएन । | |
| ३५. | **शिक्षा सशर्त** - निम्नानुसारको विद्यालयमा पूस्तकालय,सुचना प्रविधि सामाग्री खरीद,विज्ञान प्रयोगशाला,शौचालय निर्माण र ल्याव स्थापना गर्न भनी रु.४८,८६,७८४.०० निकासा गरेको छ । तर तोकिए वमोजिमको कार्य भए | |

| | | |
|---|---|---|
| | नभएको,खरीद भएका समानहरु जिन्सी खातामा चढाए नचढाएको,निर्माण कार्य भए नभएको सम्वन्धमा कार्य सम्पन्न प्रतिवेदन लगायतको प्रमाण पेश हुनु पर्ने रु.<br>सि.नं. / विद्यालयको नाम / काम / रकम<br>१ / कुटुन्जे मा.वि / सुचना प्रविधि सामाग्री / ५९६७८४<br>२ / दामती मा.वि. / विज्ञान प्रयोगशाला / ६५०००० <br>३ / सुनकाशी मा.वि. / ४ कोठे भवन / ३६००००० <br>/ जम्मा / / ४८४६७८४ | ४८४६७८४ |
| ३६. | **शिक्षक तलब भत्ता -** सरस्वती मा.वि. बुङमाङ मोलुङ, कुन्तादेवीको मा.शि. द्वितीय नन्द लाल गिरीको ०७५।११।५ देखि ०७६।३।१३ सम्म हाजिरी भइ ०७६।३।१५ देखि प्रबृद्ध मा.वि. च्यानममा काज फिर्ता भएको देखियो । २०७६ सालको प्रस्तावित तलबी प्रतिवेदन मा निजको २०७६ बैशाखदेखि ५ ग्रेड र २०७५ चैत्रको चार ग्रेडको हिसावले क.सं.कोष थप समेत गरी तेस्रो चौमासिकमा रु. १८४०१४।९० निकासा दिनुपर्नेमा रु. २००३३१।४० निकासा भएको देखिदा बढी निकासा भएको रकम फिर्ता माग गरी संघीय बेरुजू खातामा दाखिला गर्नुपर्ने रु. | १६३१७ |
| | **पूजीगत तर्फ** | |
| ३७. | **मूल्य अभिवृद्धि कर भुक्तानी -** मूल्य अभिवृद्धि कर नियमावली, २०५४ अनुसार, ६.५ प्रतिशत मूल्य अभिवृद्धि करमा भुक्तानी गर्ने कार्यालयले दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । तर कार्यालयले ब्रिटीश एण्ड अनुभवी कम्पनी प्रा.लि (३०४१७२१९१)लाई रु. ६९५६०६।०० मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोले सो असुल गरी संघीय सञ्चित कोष दाखीला गर्नुपर्ने रु. | ६९५६०६ |
| ३८. | **उपभोक्ता बाट निर्माण कार्य -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(१) मा एक करोड सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्वन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने व्यवस्था छ । उक्त नियमालीको उपनियम (१ क ) मा उल्लिखित एक करोड रुपैया सम्मको लागत अनुमानमा मु.अ.कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अँश समेतको रकम समोवेस हुने व्यवस्था छ । कार्यालयले सुनकोशी गाँउपालिका भवन निर्माण योजना उपभोक्ता समिति मार्फत गराई कुल रु १,१०,९८,३०९ भुक्तानी गरेको पाइयो । उक्त आयोजना अन्तर्गत सुरुमा ८१,४८,१२३।११ को लागत अनुमान तयार गरी सम्झौता गरेको पाइयो । कार्यालयले पुन रु.९८,४१,२३७।५३ को नयाँ लागत अनुमान तयार गरेको देखियो । गो.भा.नं. १–२०७६।०६।१२ बाट पहिलो रनिङ्ग विल वापत रु ७६,२२,०६८।०० को खर्च लेखिएको र गो.भा.नं. ३–२०७६।०२।१४ को रु ८,९६,३४३।०० अन्तिम विल पेश गरी रु ९१,७१,८५४।०३ को मिति २०७५।११।३० को कार्य सम्पन्न प्रतिवेदन पेश गरी जम्मा रु ८५,१८,४११।०० भुक्तानी भएको देखियो ।<br>कार्यालयको उक्त आयोजनामा सोही उपभोक्ता समितिसँग मिति २०७५।०१।१४ मा थप काम गर्न रु २८,९५,६०६।०० को लागत अनुमान तयार गरी काम सुरु गरेको पाइयो । रु २५,२०,६०६.०१ को कार्यसम्पन्न प्रतिवेदन पेश गरी गो.भा.नं ४_२०७६।०३।०५ बाट रु १,३१,६५३।०० र गो.भा.नं. ५–२०७६।०३।१७ बाट रु.२४,४८,२४५।०० गरी जम्मा रु २५,७९,८९८।०० को भुक्तानी भएको पाइयो । कार्यालयले उक्त उपभोक्ता समिति मार्फत कार्य गराउदा पटक पटक लागत अनुमान तयार गरेको,लागत अनुमान तथा सम्झौतामा कार्यालयले व्यहोर्ने रकम र उपभोक्ताको जनश्रमदान रकम तथा प्रतिशत स्पष्ट नखुलेको, कार्यसम्पन्न प्रतिवेदनमा कार्यसम्पन्न मिति नखुलेको, नापी कितावमा नापि भएको मिति नखुलेको पाइयो । नियमावलीमा व्यवस्था भएको भन्दा विपरित ठेक्का बाट गर्नुपर्ने काम पटक पटक लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत काम गराई रु १,१०,९६,३०९.०० भुक्तानी दिएको देखियो । ऐनमा भएको व्यवस्था अनुसार वोलपत्रको माध्यामवाट कार्य गराउने तर्फ गाउपालिकाको गम्भीर ध्यानाकर्षण हुनु पर्दछ । | |
| | **(ख) कन्टिन्जेन्स रकम भुक्तानी –** गोश्वारा भौचर नं १–२०७५/६/१३ बाट सो उपभोक्ता समितिले पेश गरेको रु ७६,२२,०६८।३१ (४.५% कन्टिन्जेन्सि सहित) को रनिङ्ग विल बाट कन्टिन्जेन्सि रकम कट्टा गरि भुक्तानी दिनुपर्नेमा पुरै रकम रु ७६,२२,०६८।३१ भुक्तानी भएको पाइयो । उक्त विल वापतको भुक्तानी गर्दा प्राविधिक जाँच बमोजिम भएको काम वापतको रु ७३,२४,८८५।६५ र १.५ व्यवस्थापन खर्च वापत रु ९९,०६०।८० गरि जम्मा रु ७४,२३,९४६.५ भुक्तानी हुनपर्नेमा रु १,९८,१२१।०० बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु. | १९८१२१ |

**(ग) रनिङ्ग विल वेगर भुक्तानी –** गोश्वारा भौचर नं ४।२०७६/३/५ बाट सो उपभोक्ता समितिले पेश गरेको विभिन्न होटेलको विल, टिकेट लगायत अन्य विलको जोड जम्माको आधारमा रु १,३१,६५३।०० भुक्तानी भएको पाइयो । उक्त भुक्तानीमा उपभोक्ताको रनिङ्ग विल, प्राविधिक नाप जाँच, मेजरमेन्ट वेगर भुक्तानी गरेकाले सो रकम असुल गरि स्थानीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु १३१६५३

**स्वास्थय तर्फ**

३९. **नर्म्स सम्बन्धमा –** अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा, कार्यक्रम सञ्चालन निर्देशिका, २०७३ मा सबै प्रकारका तालीम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तथा सहभागीता भत्ता एवं भ्रमण खर्च को व्यवस्था गरेको छ । साथै सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोहि कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ । निम्न कार्यक्रम सञ्चालन गरेकोमा कार्यालयका कर्मचारीहरुले तोकिएको नर्म्सभन्दा बढी भत्ता वुझेको पाइयो । बढी भुक्तानी भएको रकम रु १,०२०.०० सम्बन्धितबाट असुल गरी संघीय राजश्वमा जम्मा गर्नुपर्ने रु. १०२०

| गो.भौ.नं / मिति | ब.उ.शि.नं | बिबरण १ ( योजना / कार्यक्रम ) | विवरण २ | नाम | नर्म्स | भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १८-२०७५/११/१३ | स्वास्थय | स्वास्थय प्रर्वद्धन कार्यक्रम स्वास्थय चौकी बल्खु र सिस्नेरी | संयोजक भत्ता | राम किशुन यादव | ४०० | १००० | ५१० |
| | | | | पदम बहादुर खडका | ४०० | १००० | ५१० |
| | | | | जम्मा | | | १०२० |

४०. **ग्रेड रकम -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा पारित तलवी प्रतिवेदनको आधारमा ग्रेड खर्च लेख्न सकिने व्यवस्था छ । कार्यालयले तपसिल बमोजिमका कर्मचारीलाई कोष तथा लेखा नियन्त्रक कार्यालय ओखलढुङ्गाबाट पारित तलवी प्रतिवेदन भन्दा बढी ग्रेड खर्च लेखेको देखियो । त्यसैले बढी भुक्तानी दिएको ग्रेड रकम रु.२४३९ सम्बन्धितबाट असुल गरी संघीय राजश्व दाखिला गर्नुपर्ने रु. २४३९

| पद | कर्मचारीको नाम | ग्रेड वृद्धि महिना | हुनु पर्ने ग्रेड रकम | भुक्तानी भएको ग्रेड रकम | क.सं.कोष कट्टी समेतको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| स्वा.ह.इ.चौथौं | शान्तिमाया बुढाथोकी | चैत्र | ७३९ | २९५६ | २४३९ | कात्तिक महिनामा बढि भुक्तानी |

४१. **तलबभत्ता -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा पारित तलवी प्रतिवेदनको आधारमा मासिक तलब खर्च लेख्न सकिने व्यवस्था छ । कार्यालयले तपसिल बमोजिमका कर्मचारीलाई कोष तथा लेखा नियन्त्रक कार्यालय ओखलढुङ्गाबाट पारित तलवी प्रतिवेदन भन्दा बढी मासिक तलब खर्च लेखेको देखियो । माघ महिनाको बढी भुक्तानी भएको तलब रकम रु.८,७२३.०० सम्बन्धितबाट असुल गरी संघीय राजश्व दाखिला गर्नुपर्ने रु. ८७२३.००

| पद | कर्मचारीको नाम | पाउने मासिक तलब | भुक्तानी तलब रकम | क.सं.कोष कट्टी समेत बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| स्वा.ह.इ.छैठौं | पदम बहादुर खडका | ३०५०० | ३३९९८ | ३८४७.८ |
| स्वा.ह.इ.छैठौं | सुवोध कुमार यादव | ३०५०० | ३४९३२ | ४८७५.२ |
| | जम्मा | | | ८७२३.०० |

४२. **भ्रमण भत्ता -** ४९–२०७६/३/३०भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमण गर्ने कर्मचरीले तोकिएबमोजिम भ्रमण भत्ता पाउने व्यवस्था छ । स्वास्थय संयोजक डम्बर लाल यादवले दुई वटा छुटा छुटै कार्यक्रम शिशु तथा वालवालिका पोषण अनुगमन कार्यक्रममा एकै भ्रमण अवधि २०७६/१/१ देखि

२०७६/१/३ को छुट्टा छुट्टै भ्रमण आदेश र भ्रमण विल बनाइ दोहरो भ्रमण भत्ता भुक्तानी लिएको पाइयो । एकै अवधिको दोहरो भ्रमण भत्ता भुक्तानी रकम रु ३६००।०० सम्बन्धितबाट असुल गरी संघीय राजश्व दाखिला गर्नुपर्ने रु.

३६००

४३. **अग्रिम कर -** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष निम्नानुसारको भुक्तानीमा नियमानुसार अग्रिम कर कट्टा गर्न छुट भएको वा घटि कट्टा गरेको रु.१८५।०० असुल गरी दाखिला गर्नुपर्ने रु.

१८५.००

| गो.भौ.नं./मिति | ब.उ.शि.नं. | विवरण | रकम | कर रकम | घटि कट्टि रकम |
|---|---|---|---|---|---|
| २-२०७६/६/२१ | स्वास्थय | सा.सु.कर दाखिला | २३५५० (भौचर डेविट) | २३३६५ (बैंक दखिलां | १८५ |

४४. **पारीश्रमिक कर** -४-२०७६।३।२४ आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९(१)अनुसार भुक्तानी गर्दा १५ प्रतिशतका दरले पारिश्रमिक कर कट्टी गर्नु पर्ने व्यवस्था रहेको छ । महिलाको नेतृत्व तथा संस्थागत विकास वापत महेकला देवी महिला समूहका ३४ जनालाई भत्ता वापत दिईएको रु.२३,००० रकमको १५ प्रतिशतको दरले हुने पारिश्रमिक कर कट्टा नगरी भुक्तानी भएकोमा उक्त रकम रु ३,४५० कट्टा गरि संघीय राजश्वमा दाखिला गर्नुपर्ने रु.

३४५०

४५. **दोहोरो भत्ता -** २०-२०७६।३।३१ आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा ३६ मा सरकारी रकम खर्चसम्वन्धी कार्यविधिको व्यवस्था भएअनुसार वजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्ने व्यवस्था छ । ११ वटा वडा अन्तर्गत महिला समूह गठन गर्नका लागि एउटै काममा रु.१३०००।०० दोहोरो खर्च देखिएकाले असुल गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

१३०००

| **नाम** | **विवरण** | **कार्यक्रम संख्या** | **दर** | **जम्मा रकम** |
|---|---|---|---|---|
| शा.अ.वि.नि.विवेक कुमार तामाङ्ग | महिला समूह गठन | ५ | १००० | ५०००.०० |
| अ.हे.व. मोहन वानिया | महिला समूह गठन | ६ | १००० | ६०००.०० |
| शा.अ.वि.नि.विवेक कुमार तामाङ्ग | महिलालाई सहकारी संस्थामा सहभागिता बढाउन अन्तरक्रिया कार्यक्रम | २ | १००० | २०००.०० |
| जम्मा | | | | १३०००.०० |

४६. **आनुपातिक कट्टी** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याँकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको निम्न निर्माण कार्यको भुक्तानीमा आनुपातिक कट्टा नगरी भुक्तानी भएको रु. १,८९,०५५।०० असुल गरी संघीय राजश्वमा दाखिला हुनुपर्ने रु.

१८९०५५

**साना सिँचाई**

| मिति/भौ.नं. | आयोजना | अनुमानित लागत | सम्झौता अनुसार दिनुपर्ने | खुद काम भएको | भुक्तानी भएको रकम | व्यहोर्नुपर्ने रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ५-२०७६।२।१० | तिल्केचौर कुलो सिँचाई योजना | २७३७३२९ | २६००४६२ (९५%) | २७८८०९१ | २७३७३१९ | २६४८६८७ | ८८६३२ |
| ६-२०७६।२।१२ | तित्रीवोटे कुलो सिँचाई | २१०५२९६ | २०००००० (९५%) | २१०५२९६ | २०६८१९० | २०००००० | ६८१९० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८-२०७६।३।१९ | सिस्नेखोला पारिखेत कुलो | ११२५१०५ | १०६८८४९ (९५%) | ११२५१०५ | ११०७६०३ | १०६८८८४९ | ३८७५४ |
| ९-२०७६।३।१९ | आमवोटे मगरटोल सिँचाई कुलो | १६९३३८९ | १६६४५२१ (९५%) | १६९३३८९ | १६६४५२१ | १६०८७१९ | ५५८०२ |
| १०-२०७६।३।२४ | मसार खोला कुलो सिँचाई | १८१९११९ | १७२८१६३ (९५%) | १८१९११९ | १७८७७३४ | १७२८१६३ | ५९५७१ |
| ११-२०७६।३।२४ | मोहनटार कुलो सिँचाई | ११०८१६९ | १०३६००० (९५%) | ९९७५९२ | ९८२६४० | ९४७७१२ | ३४९२८ |
| जम्मा | | | | | | | १८९०५५ |

| | | |
|---|---|---|
| ५६ | **प्रयास/हेल्भेटास कार्यक्रम**<br>**बढी भुक्तानी -** २-२०७५।१०।२२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ बमोजिम विल विजक र वजेटको सीमाभित्र रही सरकारी रकम खर्च गर्नुपर्ने व्यवस्था छ। स्वीकृत कार्यक्रम बमोजिम प्लाष्टिक र थोपा सिँचाई सेट खरिदको लागि रु.६,२७,९९९।५१ (सुप्रिम कन्सर्न) खर्च भएकोमा कार्यक्रम नर्म्स अनुसार ७५ प्रतिशत रु.४,७०,९९९।६३ मात्र पालिकाले वेहोनुपर्नेमा सबै रकम रु.५०००००।०० व्यहोरेकोले रु.२९०००।०० बढी भएको भुक्तानी भएकोले असुल गरी संघीय सञ्चित कोष दाखीला गर्नुपर्ने रु. | २९००० |
| ५७ | **पाइप खरिद -** १५।२०७६।३।२४ करेसावारी स्थापनाको लागि सहयोग कार्यक्रम (गार्डेन पाइप) तरकारी खेती सिँचाईको लागि अगुवा कृषक समूहलाई छनौट गरि वितरण गर्नको लागि NS. पाइप ६८० केजी रु.१,४९,८३८।०० खरिद गरेको देखिन्छ। उक्त पाइप हालसम्म मौज्दात रहेको देखिएकोले यथाशिघ्र वितरण गरि भर्पाइ पेश गर्नुपर्ने रु. | १४९८३८ |
| ५८ | **गाउँपालिका कृषि चालु**<br>**घर भाडा** – ४-२०७५।१०।१५ घर भाडा सम्झौता वेगर श्रावणदेखि कार्तिक महिनासम्म (मेखबहादुर तामाङ्ग) को घर भाडा वापतको भुक्तानी भएको अनियमित देखिएको रकम रु. | ६००० |
| | **सामाजिक सुरक्षा भत्ता -** गाँउपालिकाको कार्यालयलाई यो वर्ष सामाजिक सुरक्षाको अर्न्तगत रु.३ करोड २६ लाख ८९ हजार निकासा एवम अनुसार खर्च गरेको पाइयो। | |
| ५९ | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को परिच्छेद-६ दफा १८ (क) मा केन्द्रिय पञ्जिकरण विभागले भत्ता पाउने लाभग्राहीको सम्पूर्ण विवरण व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी गराउने र दफा १८(ग) मा उक्त पद्धति लागू भएपछि सबै विवरण सो प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय तहको हुने व्यवस्था गरेको छ। केन्द्रिय पञ्जिकरण विभागले व्यवस्था गरेअनुरुप गाँउपालिकाले लाभग्राहीको विवरण व्यवस्थापन सुचना प्रणालीमा अद्यावधिक गरी बैङ्क मार्फत भत्ता वितरण गरेको देखिएन।<br>जिल्ला समन्वय समितिले तयार गरेको गत आ.व. २०७४/७५ को लगतको आधारमा गाँउपालिकाले आ.व. २०७५/७६ मा सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखियो। गाउँपालिका सँग आफ्नो अद्यावधिक लगत किताब नभएको तथा व्यवस्थापन सुचना प्रणालीमा विवरण प्रविष्टी गरी लगत अद्यावधिक नगरेको अवस्थामा वितरण गरेको सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीले प्राप्त गरे भन्ने सम्बन्धमा आश्वस्त हुन नसकिने हुँदा गाउँपालिकाले सम्पूर्ण लाभग्राहीको लगत विवरण व्यवस्थापन सुचना प्रणालीमाप्रविष्ट गरी बैङ्क मार्फत मात्र भत्ता वितरण गर्नुपर्दछ | |
| ६० | सामाजिक सुरक्षा भत्ता वितरण गर्दा वितरणको भपाईमा परिचय पत्र नं, फोटो राखिनुपर्ने व्यवस्था छ। कार्यालयले सामाजीक सुरक्षा भत्ता वितरण गर्दा वितरणको भर्पाइमा वडा नं. ५ बाहेक अन्य ८ वटा वडाको भपाईमा सम्बन्धित लाभग्राहीको परिचय पत्र नं तथा फोटो उल्लेख नगरी वितरण गरेको पाइयो। सम्बन्धित लाभग्राहीको आवश्यक परिचय खुलाएर मात्र भत्ता वितरण गरिनु पर्दछ। | |

| | | |
|---|---|---|
| ६१ | आर्थिक वर्षको अन्तयमा ९ वटा वडामा सामाजिक सुरक्षा भत्ता वितरण गरि वडा सचिवहरुले जम्मा पेश्की फछ्र्यौट गरि वितरण नभएको रकम रु ६,२६,८००।- आन्तरीक आय खातामा दाखिला गरी फिर्ता गरेको पाइयो । कार्यालयले मिति २०७६।४।१४ को चेक नं. २०६२६११२ बाट खाता नं १००० २००० १०००० मा रु. १५,९५,२००।०० दाखिला गरेको छ । | |
| ६२ | वडा नं. ८ का वडा सचिवले प्रथम चौमासिकको सामाजिक सुरक्षा भत्ता दलित बालिका अनिता घताललाई वितरण गरेकोमा निज वालिकाको जन्म मिति २०७०।५।२८ रहेको पाइयो । वितरण गर्दा सो वालिकाको उमेर ५ वर्ष नाघेको पाइयो । प्रथम चौमासीक अवधिमा रु. १६००।०० वितरण भएकोमा असोज र कार्तिकको वितरण गर्न नमिल्ने रकम रु. ८००।०० असूल वडा सचिवसग असुल गरी संघीय राजश्वमा दाखिला गर्नुपर्ने रु. | ८०० |
| ६३ | **बेरुजू -** पालिकाको अन्तिम प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.१२ लाख ९३ हजार अनियमित बेरुजू रु. शून्य, प्रमाण कागजात पेश नभएको बेरुजू रु. ५० लाख ३ हजार र पेश्की रु.शुन्य देखिएकोसमेत रु. ६२ लाख ९६ हजार बेरुजू कायम भएको छ । | |
| ६४ | **वितीय जवाफदेहिताको मूल्यांकन -** कार्यालयको व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवाप्रवाह, खरिद व्यवस्थापन र विकास निर्माणको समग्र मूल्यांकन गर्दा कार्यालयले ६२ अंक अर्थात ६२ प्रतिशत ग्रेड (B)प्राप्त गरेको छ । उक्त विषयहरुमा थप सुधार हुनुपर्दछ । | |
| ६५ | **अनुगमन तथा मूल्याङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ । | |

रु.हजारमा

| गत वर्षको वेरुजू रकम (रु) (A) | यो वर्ष फछ्र्यौट (B) | वाँकी (C=A-B) |
|---|---|---|
| ३,५०,८५ | २,५३,७९ | ९७,०६ |

| | | |
|---|---|---|
| ६६ | **अद्यावधिक वेरुजू स्थिति -** गाँउपालिकाको आर्थिक वर्ष २०७५।७६सम्मको फछ्र्यौट गर्न वाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छ । | |

रु. हजारमा

| गत वर्षसम्मको फछ्र्यौट गर्न वाँकी (रु)(C) | यो वर्षको सं.पं बाट कायम वेरुजू रु.(D) | यो वर्षको कायम वेरुजू (रु)(E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| ९७,०६ | ० | ६२,९६ | १,६०,०२ |

## सुनकोशी गाउँपालिका
## स्थानीय तह सञ्चित कोष विवरण
## २०७५।७६

**अनुसूची- १**

**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | सुनकोशी गा.पा. | ओखलढुङ्गा | ३६९२५ | ७२३०० | २३४२६८ | ६००६४ | ३६६६३२ | १७७२३३ | ८१११० | १०१४३५ | ३५९७६८ | ४३७७९ |

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

**अनुसूची-२**

**(रु.हजारमा)**

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बांकी बेरुजू | | | वांकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | ओखलढुङ्गा | सुनकोशी गा.पा. | ४१ | २५ | ३८२५७ | ० | ८ | ३१९६१ | ४१ | १७ | ६२९६ | १२९३ | | ५००३ | | | ५००३ | ० | ० | ० |

## अद्यावधिक वेरुजू स्थिति

**अनुसूची-३**

**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाँकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | सुनकोशी गा.पा. | ओखलढुंगा | ३५०८५ | २५३७९ | ९७०६ | ० | ६२९६ | १६००२ |